# यूनिभर्सल पावर कम्पनी लिमिटेडको संस्थापक शेयरधनीहरूमा अत्यन्त जरुरी सूचना

यस यूनिभर्सल पावर कम्पनी लिमिटेडका संस्थापक शेयरधनी (परिवर्तित अग्राधिकार शेयरधनी) ज्यूहरूको यस कम्पनीमा रहेको अग्राधिकार शेयरको हस्ताक्षरसहितको आवेदन फारम यस कम्पनीको आर्थिक वर्ष २०७४/७५ को वार्षिक साधारणसभा भएपश्चात् नयाँ संचालक समितिलाई शेयरधनी विवरणसँग सम्बन्धित प्राप्त कागजात यस पूर्वका वार्षिक साधारणसभाहरूमा हस्ताक्षर प्रमाणित गर्ने उद्देश्यले स्क्यान गरिएको र उक्त स्क्यान भएका हस्ताक्षरहरूको कपि हराएको भन्ने जानकारी हुन आएकाले सो हस्ताक्षर एवं शेयरधनीहरूको विवरण दुरूपयोग भई शेयरधनीहरूले वार्षिक साधारणसभामा प्रतिनिधि नियुक्ति गर्ने अधिकार, शेयरहरू **Demat** गराउँदा तीनपुस्ते विवरण र हस्ताक्षर मिल्न गएमा अन्य शेयरधनीहरूको खातामा शेयर जम्मा हुन जाने एवं लाभांश लगायत शेयरधनीहरूको सम्पत्तिमा हानी नोक्सानी हुन सक्ने देखिएको एवं यस कम्पनीमा पहिले शेयरधनीले आवेदन गरेका अग्राधिकार शेयरधनी आवेदन फारमहरू झुत्रो र च्यातिएको अवस्थामा रहेकाले मिति २०७६ असार २७ गतेपश्चात् नयाँ संस्थापक शेयरधनीहरूको विवरण राख्ने पुस्तिका र आवेदन फारम भरेपछि मात्र संस्थापक शेयरहरू **Demat** गरिने व्यहोरा अनुरोध छ।

**शेयर Demat गराउँदा निम्न कागजातहरू अनिवार्य लिएर आउनुपर्ने व्यवस्था गरिएको छ।**

१. नेपाली नागरिकताको सक्कल प्रति।
२. नावालकको हकमा जन्म दर्ता प्रमाणपत्र र संरक्षकको नागरिकताको सक्कल प्रति।
३. शेयरधनी आफै अनिवार्य उपस्थित हुनु पर्नेछ।
४. यस कम्पनीबाट जारी भएको अग्राधिकार शेयर प्रमाणपत्र वा संस्थापक शेयर प्रमाणपत्र अनिवार्य लिएर आउनु पर्नेछ।
५. संस्थागत लगानीकर्ता शेयरधनीहरूको हकमा संचालक समितिको बैठकले प्रतिनिधि नियुक्त गरेको अख्तियार प्राप्त दस्तखत गर्ने व्यक्ति एवं दस्तखत गर्ने व्यक्तिको दस्तखत नमूना र संस्थाको छाप अनिवार्य हुनु पर्नेछ।
६. व्यक्तिगत लगानीकर्ता भएमा शेयरधनीले हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति।
७. तल देखाइएको विवरण अनुसारको हस्ताक्षर भर्ने खण्डमा दस्तखत गर्नुपर्नेछ (दस्तखत नमूनाको लागि मात्र)।

| **Demat** खाताको दस्तखत नमूना | अग्राधिकार शेयर हुँदाको दस्तखत नमूना | यो मिति पश्चात् यस कम्पनीको सम्पूर्ण प्रयोजनको लागि प्रयोग गरिने दस्तखत नमूना |
|---|---|---|
| | | |

नोटः यसबाट शेयरधनी महानुभावहरूमा पर्न जाने असुविधाप्रति क्षमा प्रार्थी छौं।

थप जानकारीका लागि

UNIVERSAL POWER COMPANY LTD.

**यूनिभर्सल पावर कम्पनी लिमिटेड**

त्रिपुरेश्वर-११, ब्लुस्टार कम्प्लेक्स, काठमाडौं, फोन नं.: ०१-४१०१०९७, ४२५१४६३